सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष १० ♦ अंक १८ ♦ २०८३ साल असोज ३० शुक्रवार ♦ 16 Oct 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# दसैंले मधेस प्रदेशमा आर्थिक गतिविधि चलायमान, र बजार गुलजार बन्दै

अजयकुमार साह

**असोज २५ गते, बर्दिवास**




दसैंमा किनमेल बढेसँगै मधेश प्रदेशसहित मुलुकभर आर्थिक गतिविधि चलायमान बनेको छ भने बजारमा चहलपहल बढेको छ । दैनिक उपभोग्य वस्तुदेखि लत्ताकपडा, गरगहना, विद्युतीय उपकरण र सवारीसाधनसम्मको कारोबार बढेको छ । होटल, रेस्टुरेन्ट, यातायात र पर्यटन क्षेत्रले समेत चाडपर्वको प्रभाव अनुभव गरेका छन् ।

मधेश प्रदेशको राजधानी जनकपुरधामसहित देशका प्रमुख सहरका बजारमा चाडपर्व लक्षित किनमेल गर्ने उपभोक्ताको चहलपहल बढेको छ। जनकपुरधामका शिवचोक, रामचोक, मुरलीचोक र जानकी चोकलगायतका बजारमा उपभोक्ताको उपस्थिति बाक्लिएको छ। व्यापारीले ग्राहक आकर्षित गर्न छुट तथा उपहारका योजना ल्याएका छन् ।

साउन सङ्क्रान्तिपछि तीजबाट सुरु हुने चाडपर्वको आर्थिक गतिविधि दसैं हुँदै तिहार र छठसम्म जारी रहने गरेको छ। चाडपर्वमा परिवारका सदस्य तथा आफन्त भेला हुने, मिठोमसिनो खाने, नयाँ लुगा लगाउने र मान्यजनबाट आशीर्वाद लिने परम्पराले उपभोग बढाउन सहयोग पुऱ्याउँछ ।

जनकपुरधाममा लामो समयदेखि अर्थशास्त्र अध्यापन गर्दै आउनुभएका सञ्जय साहले चाडपर्वमा घरायसी खर्च बढ्ने र व्यवसायीले पनि विभिन्न छुटका योजना ल्याउने गरेको बताउनुभयो । उहाँका अनुसार दसैं, तिहार र छठलाई लक्षित गरी सञ्चालन गरिने व्यापारिक गतिविधिले वस्तु तथा सेवाको माग बढाउँछ ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुरेन्द्र भण्डारीले चाडपर्वको कारोबारले वर्षभरिको व्यापार चक्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो । फर्निचर, इलेक्ट्रोनिक्स तथा अन्य टिकाउ वस्तु खरिद गर्न उपभोक्ता चाडपर्वमा दिइने छुटको प्रतीक्षामा रहने प्रवृत्ति बढेको उहाँको भनाइ छ । इन्टरनेट सेवा, सञ्चार, होटल, रेस्टुरेन्ट र ट्राभल एजेन्सीले समेत चाडपर्व लक्षित प्याकेज ल्याउने गरेका छन् ।

नेपाल उद्योग परिसङ्घ, मधेश प्रदेशका अध्यक्ष सीए प्रमोद साहले दसैं, तिहार र छठका बेला आम्दानी तथा खर्च दुवै बढ्ने भएकाले आर्थिक गतिविधिमा गति थपिने बताउनुभयो । उहाँका अनुसार चाडपर्वका बेला कर्मचारीले तलब तथा अतिरिक्त खर्च पाउने र सर्वसाधारणले पनि वर्षभरि जोहो गरेको रकम खर्च गर्ने भएकाले बजारमा पैसाको प्रवाह बढ्छ ।

सरकारी तथा निजी क्षेत्रका कर्मचारीले पाउने चाडपर्व खर्च, वैदेशिक रोजगारीमा रहेका नेपालीले पठाउने विप्रेषण र ग्रामीण क्षेत्रमा हुने किनमेलले पनि बजारको माग बढाउन सहयोग गर्छ । विदेशमा रहेका नेपाली चाडपर्व मनाउन घर फर्किने क्रम बढ्दा सार्वजनिक यातायात, हवाई सेवा र होटल व्यवसायमा समेत चाप बढ्ने गरेको छ ।

नेपाल चेम्बर अफ कमर्स, मधेश प्रदेशका अध्यक्ष विजयकुमार साहले चाडपर्वमा दैनिक उपभोग्य वस्तुको माग बढ्ने र व्यापारिक गतिविधि विस्तार हुने बताउनुभयो । "दसैंमा सरकारी तथा निजी क्षेत्रमा काम गर्नेले तलबका अतिरिक्त चाडपर्व खर्च पाउँछन् । उनीहरूले गर्ने खर्चले बजारमा किनमेल बढाउँछ," उहाँले भन्नुभयो । चाडपर्वले शिथिल अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुऱ्याउने उहाँको भनाइ छ ।

दसैंअघिको अवधिमा मात्रै अन्य समयको १० महिनाबराबरको व्यापार हुने गरेको बर्दिवास उद्योग वाणिज्य सङ्घका अध्यक्ष दीपक कार्कीले बताउनुभयो । उहाँका अनुसार छुट तथा विभिन्न आकर्षक योजनाका कारण पनि यस समयमा बजारमा रौनक बढेको छ । उपभोक्ताको खर्च गर्ने प्रवृत्ति बढ्दै जाँदा व्यापारीका लागि पनि यो समय वर्षभरिमै बढी कारोबार र नाफा गर्ने अवसर बन्ने गरेको छ ।

चाडपर्वका समयमा नयाँ सवारीसाधन खरिदमा छुट, सहुलियत ब्याजदरमा कर्जा र किस्ताबन्दीका सुविधा सार्वजनिक गरिने भएकाले उपभोक्ताको खरिद निर्णयमा पनि प्रभाव पर्ने गरेको छ । अनलाइन किनमेलको विस्तारले परम्परागत बजारसँगै डिजिटल व्यापारमा समेत चहलपहल बढाएको छ ।

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण नेपाली अर्थतन्त्रको महत्वपूर्ण आधार हो। चाडपर्वका बेला घरपरिवारको खर्च, उपभोग र अन्य आवश्यकताका लागि रकम पठाउने क्रमले बजारको मागलाई थप सहयोग पुऱ्याउने गर्छ । नेपाल राष्ट्र बैङ्कका अनुसार चालु आर्थिक वर्षको पहिलो महिनामा विप्रेषण आप्रवाह दुई खर्ब १५ अर्ब पाँच करोड रुपियाँ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिको तुलनामा यो २१.२ प्रतिशतले बढी हो ।

मधेश प्रदेशका आठवटै जिल्लाका बजारमा चाडपर्वको चहलपहल बढेको छ। जनकपुरधाममा दसैंदेखि छठसम्म सञ्चालन हुने सस्ता बजारले उपभोक्तालाई एउटै स्थानमा विभिन्न सामग्री खरिद गर्ने अवसर दिएका छन् । स्थानीय तथा राष्ट्रिय उत्पादनको बिक्री बढ्दा साना व्यवसायी र उत्पादकले समेत लाभ लिन सक्ने अपेक्षा गरिएको छ ।

Happy Dashain 2083

दसैं, दिपावली, तिहार र छठ पर्वको अवसरमा मधेस प्रदेश सहित सम्पूर्ण उद्योगी, व्यवसायी, व्यापारी, ग्राहक वर्ग तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

हार्दिक मंगलमय
शुभकामना



व्यक्त गर्दछु ।



प्रमोद कुमार साह
अध्यक्ष
नेपाल उद्योग परिसंघ
मधेस प्रदेश (CNI)

बडा दसैं २०८३ को शुभकामना

बडा दसैंको सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

HOTEL KOMAL



कोमल होटेल, ढल्केवर धनुषा

# धानमा रोगको संक्रमण फैलिएपछि उत्पादन घट्ने चिन्तामा किसान

**खबर दर्पण समाचारदाता**
**असोज २९ गते, बर्दिवास**

धानबालीमा विभिन्न रोगको संक्रमण फैलिएपछि धनुषाका किसान यस वर्ष उत्पादन घट्ने चिन्तामा परेका छन् ।

जिल्लामा रोपाइँ भएको धानबालीमध्ये करिब १० प्रतिशतभन्दा बढीमा रोगको प्रकोप देखिएकाले यस वर्ष उत्पादनमा गिरावट आउन सक्ने अनुमान गरिएको छ ।

धनुषामा सामान्यतया करिब ४३ हजार ७ सय हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएकोमा यस वर्ष ४० हजार ५ सय १५ हेक्टरमा मात्र रोपाइँ भएको छ ।

रोपाइँ भएको क्षेत्रफलमा समेत रोगको संक्रमण देखिएपछि किसान थप चिन्तित बनेका हुन् । कृषि ज्ञान केन्द्र धनुषाका बाली विकास अधिकृत मिथिलेश साहले यस वर्ष जिल्लामा ९५ प्रतिशत रोपाइँ भएको जानकारी दिए । उनले भने, 'अहिले धानबालीमा कीरा तथा रोगको प्रकोप बढी देखिएको छ । रोगव्याधिले धेरै क्षति नगरेको भए उत्पादन राम्रै हुन सक्थ्यो, तर अहिले स्थिति चुनौतीपूर्ण बनेको छ ।'



कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख प्रदीप यादवका अनुसार जिल्लाका विभिन्न स्थानमा लगाइएको धानबालीमा 'राइस ब्लास्ट', 'ब्राउन लिफ स्पट' र 'सिथ ब्लाइट' रोगको संक्रमण पुष्टि भएको छ । उनले धानबालीमा रोगको संक्रमण देखिएकाले किसानलाई नियमित रूपमा खेतबारीको अनुगमन गर्न र लक्षण देखिनासाथ कृषि प्राविधिकसँग परामर्श लिन आग्रह गरे ।

रोगको सही पहिचान गरी प्राविधिकको सिफारिसअनुसार मात्रै विषादी प्रयोग गर्नुपर्नेमा जोड दिँदै उनले भने, 'अहिले रोग र कीराको प्रकोप देखिएको धान नेपालमा दर्ता भएको जात होइन । बढी उत्पादन दिने नाममा किसानले जथाभावी 'सोना मन्सुली' जातको धान लगाउँदा यस्तो समस्या देखिएको हो ।' प्रमुख यादवले करिब १० प्रतिशत धानमा रोगव्याधिको प्रकोप बढी देखिएकाले यस वर्ष उत्पादनमा ह्रास आउन सक्ने बताए ।

कृषि ज्ञान केन्द्रले रोग नियन्त्रणका लागि 'कारटाप हाइड्रोक्लोराइड' नामक विषादी प्रयोग गर्न सुझाव दिएको छ । तर, रोगअनुसार विषादीको छनोट, मात्रा र प्रयोग विधि फरक हुन सक्ने भएकाले प्राविधिकको सल्लाह लिनु आवश्यक रहेको केन्द्रको भनाइ छ ।

राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, हर्दिनाथका सूचना अधिकारी रवीन्द्रप्रसाद साहले मधेस प्रदेशमा अधिकांश क्षेत्रमा 'सोना मन्सुली' जातको धान लगाइने गरेको बताए । नेपालमा दर्ता नभएको र भारत तथा सीमावर्ती क्षेत्रबाट ल्याएर लगाइने भएकाले नै यसमा रोगव्याधिको जोखिम बढी हुने उनको भनाइ छ । उनले भने, 'हामीले नेपालमा दर्ता (रजिस्टर्ड) भएका जात मात्र लगाउन किसानसँग आग्रह गर्दै आएका छौँ, तर किसानहरूले आफूखुसी लगाउँदा समस्यामा पर्ने गरेका छन् ।'

उनका अनुसार धानबाली अनुसन्धान कार्यक्रमले भौगोलिक अवस्था, मौसम, हावापानी र रोगव्याधिको जोखिमको विस्तृत अनुसन्धान गरेर मात्र जातहरू सिफारिस गर्ने गर्दछ । सिफारिस गरिएका जातहरूमा रोग-कीराको संक्रमण तुलनात्मक रूपमा निकै कम हुने भएकाले किसानमाझ यसबारे व्यापक प्रचारप्रसार गर्नुपर्नेमा उनले जोड दिए ।

धानको पातमा असामान्य दाग देखिनु, बोट ओइलाउनु र बालीको वृद्धि रोकिनु रोग संक्रमणका सम्भावित लक्षण भएकाले यस्तो देखिनासाथ समयमै नियन्त्रणका उपाय अपनाउन अधिकृत साहले किसानलाई सुझाव दिएका छन् ।

# धनौजीका २३३ परिवारले पाए जग्गाधनी प्रमाणपुर्जा




**खबर दर्पण समाचारदाता**
**असोज २९ गते, बर्दिवास**

धनुषाको धनौजी गाउँपालिकामा २३३ परिवारलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको छ ।

गाउँपालिका अध्यक्ष राजकुमार साहको प्रमुख आतिथ्यमा बिहीबार गाउँपालिका-३ अन्तर्गत साविक झोझी कटैया गाविसका वडा नम्बर १ देखि ९ सम्मका जग्गाधनीलाई प्रमाणपुर्जा वितरण गरिएको हो ।

लामो समयदेखि जग्गाधनी प्रमाणपुर्जाको प्रतीक्षामा रहेका स्थानीयले पुर्जा प्राप्त गरेसँगै आफ्नो जग्गाको कानुनी स्वामित्व सुनिश्चित गर्ने अवसर पाएका छन् ।

सम्बन्धित क्षेत्रको जग्गा २०७२ सालमा नापी गरिएको थियो । नापी भएको करिब ११ वर्षपछि जग्गाधनी प्रमाणपुर्जा प्राप्त भएपछि स्थानीय बासिन्दालाई आफ्नो सम्पत्तिको स्वामित्वसम्बन्धी प्रमाण सुरक्षित राख्न तथा आवश्यक कानुनी र प्रशासनिक कामकाज गर्न सहज हुने विश्वास गरिएको छ ।

पुर्जा वितरण कार्यक्रममा गाउँपालिका अध्यक्ष साहले जग्गाधनी प्रमाणपुर्जा सम्पत्तिको कानुनी स्वामित्व सुनिश्चित गर्ने महत्त्वपूर्ण आधार भएको उल्लेख गर्दै स्थानीयलाई आफ्नो जग्गाको स्वामित्वसम्बन्धी अधिकार सुरक्षित राख्न आग्रह गरेका थिए ।

यसैगरी, नापी कार्यालय धनुषाका प्रमुख उमेश कुमारले योग्य जग्गाधनीसम्म प्रमाणपुर्जा पुर्याउने उद्देश्यले वितरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाइएको बताए । उनले जग्गाधनी प्रमाणपुर्जाले स्थानीयको सम्पत्तिमाथिको कानुनी अधिकार सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे ।

धनौजी गाउँपालिका-३ अन्तर्गत साविक झोझी कटैया गाविसका वडा नम्बर १ देखि ९ सम्मका २३३ परिवारलाई प्रमाणपुर्जा वितरण गरिएसँगै स्थानीयको लामो समयदेखिको प्रतीक्षा पूरा भएको छ ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# झिझिया लोकनृत्यको समाजशास्त्रीय अध्ययन आवश्यक

राकेशप्रसाद चौधरी




बडादशैं शुरू भएसँगै तराई, मधेशको विभिन्न ठाउँमा परम्परागत झिझिया नृत्य तथा झिझिया प्रतियोगिताहरूको आयोजना हुनेगर्छ । झिझियालाई लोकनृत्यको श्रेणीमा राखिएको छ । लोक भनेको साधारण जनसमाज बुझिन्छ । त्यस समाजभित्र मनाइने नृत्यलाई लोकनृत्य भनिन्छ। बडादशैंको अवसरमा मिथिलाक्षेत्रको विभिन्न भगवती, देवी मन्दिर एवम् थान(स्थान) तथा माटोका प्रतिमाबाट बनाइएका दुर्गा भवानीलगायतका देवीदेवताको पूजापाठ गरेर दुर्गापुजा, बडादशैं मनाउने गरिन्छ। यस क्षेत्रमा झिझिया नृत्य र दुर्गापुजा आपसमा सम्बन्धित जस्तो देखिन्छ।

अहिले प्रविधिको प्रयोग र ज्ञानले अगाडि बढ्न थालेको समाजमा लोकनृत्यभन्दा पनि झिझियालाई आधुनिक गीतमा हुने नृत्य बुझ्न थालिएको छ। पण्डालभित्र माटोको प्रतिमा बनाएर गरिने दुर्गापजाको इतिहास मिथिलाञ्चल क्षेत्रमा सयबर्षभन्दा कम छ। माटोको प्रतिमा बनाएर पुजा हुनुभन्दा अगाडिदेखि प्रचलनमा रहेको झिझिया लोकनृत्यको शुरूवात लोकदेवीको थान(स्थान) अथवा गहबरबाट हुन्छ। त्यहाँबाट शुरू हुने यो लोकनृत्य धार्मिक ग्रन्थहरूमा उल्लेख देवीदेवताका मन्दिर तथा लोक देवीदेवता थानमा झिझिया नृत्य गरिन्छ। एक महिलाले आफ्नो टाउँकोमा असङ्ख्य प्वाल भएको एकदेखि २१ वटासम्मको घैलाले बनाइएका झिझिया राखेर नृत्य गर्छिन् । बालिकाहरूले एउटा अथवा पाँचवटासम्म घैंटोले झिझिया बनाउने गर्छिन् । समूहमा रहेकी महिलाहरूमध्ये एउटाले झिझिया राखेर नाँच्ने तथा अन्यले लोकगीत गाउँछिन् । झिझिया नृत्यमा लोकगीत र लोकबाजाको पनि महत्वपूर्ण भूमिका हुन्छ ।

यो नृत्यमा लोकपात्र र लोककथा समेटिएको भए यो मधेशको लोकनाचको श्रेणीमा पर्ने निश्चित थियो । झिझिया बनाउने र खेल्ने(नृत्य) विधि रहेकोले यो लोकसंस्कृतिसँग जोडिएको छ । बडादशैं अर्थात मिथिलाञ्चलको दुर्गा पुजा शुरू भएलगत्तै झिझियामाथि बिभिन्न बहस पनि शुरू हने गर्छ र बडादशैं सकिएपनि स्वतः बहसहरू बिना निष्कर्ष अर्कोबर्षका लागि बाँकि रह्नेगरि सकिन्छ। डा.रामदयाल राकेशले मैथिली संस्कृति पुस्तकमा नौलाख ताराको प्रकाश समेटिएको झिझिया लोकजीवनमा व्यापत अन्धकारलाई दर गरेर आलोक फिजाउने प्रयास रहेको उल्लेख गर्दै भारतको गुजराती गरबा लोकनाचसँग मिल्दोजुल्दो रहेको चर्चा गरेका छन् । झिझिया लोकनृत्य कहिलेबाट शुरू भएकोबारे अझैसम्म बैज्ञानिक अध्ययन भएको छैन। मिथिलाञ्चल समाज जादुटोनाको युगबाट गुज्रिरहेको तथा लोकदेवीको पुजापाठ हुने समयबाट यो लोकनृत्य शुरूवात मान्न सकिन्छ ।

झिझिया नृत्यका लागि गाइने लोकगीतमा जादुटोना तथा बोक्सी सिक्ने र अभ्यास गर्नेहरूलाई गाली गर्ने गरिन्छ । अर्कोतर्फ लोकदेवीदेवताको स्तुती गरिन्छ । लोकगीतहरूको अध्ययनबाट यसको शुरूवात यस क्षेत्रको मानवबस्ती बिकाससँग जोडिन पुग्छ। झिझिया तयार गर्न कुनै कर्मकाण्ड पण्डितहरूको आवश्यकता देखिएको छैन। यसका लागि झिझिया बनाउने समूहहरूले आफ्नो क्षेत्रभित्रको लोकदेवीलाई सेवा गर्ने सेवक अथवा धामीको सहयोग लिने गर्छिन्। झिझिया बनाउन सबैभन्दा पहिले कुम्हार(पण्डीत)लाई घैलाको लागि सगुन दिइन्छ। त्यसपछि बाँसकट्टी अर्थात बाँस काँटेर ल्याइन्छ। बाँस काट्न जाने बेलामा लोकदेवीदेवतासँगै भगवतीको स्तुती लोकगीतमार्फत गरिन्छ। घैलाभित्र असङ्य प्वाल बनाउन सक्ने अनुभवी ब्यक्तिलाई जिम्मा दिइन्छ।



झिझियाका लागि ल्याएको घैला प्वाल बनाउँदा फुटेमा अनिष्ट हुने मान्यता नृत्य गर्नेहरूमा छ। झिझिया बाँध्ने बेलामा धामीको रोहबर आवश्यक हुन्छ। पहिला पहिलो झिझियामा २१ वटासम्म घैला प्रयोग गरिएपनि अहिले बढीमा ११ वटासम्म हेर्न सकिन्छ। प्रतियोगिता र बालिकाहरूले मनोरञ्जनका लागि बनाउने झिझिया यी लोक परम्पराको पालना भएको देखिँदैन। देवीदेवताको थानहरू तथा प्रतिमा अगाडि झिझिया नृत्य सकेपछि यी समूहहरू स्थानीयको घरसम्म पुग्ने गर्छिन्।

पहिला पहिला झिझियामा दियो जलाउन मट्टितेल माग्ने चलन थियो किनभने अधिकांशको घरमा मट्टितेलकै टुकी बालेर रात्रीकालिन समय काट्ने गरिन्थ्यो । घरबाहिर प्रायः बाहिर ननिस्कने छोरी, बुहारीको लागि झिझिया नृत्यले एक किसिमको उर्जा नै प्रदान गर्दथ्यो । अहिले पनि केही ठाउँहरूमा झिझिया नृत्य गर्नेहरू स्थानीयको घर आँगनसम्म पुग्ने गर्छिन् । भगवतीको आराधना तथा झिझिया नृत्यबापत बक्सिस लिने गर्छिन्। घरमा मट्टितेलको ठाउँ बिजुलीले लिएपछि झिझिया नृत्य गर्ने समूहले बक्सिसको रूपमा नगद नै लिएर जाने गर्छिन् । झिझियाको परम्परागत लोकनृत्य गर्ने समूहहरूलाई केही ठाउँमा वडा तथा पालिकास्तर बाट बस्त्र तथा नगद प्रदान गर्ने गरेको समेत देखिन्छ । तथापि दीर्घकालिन प्रवर्द्धनात्मक कार्यक्रमरू भएको देखिँदैन् ।

झिझिया नृत्य गर्दा जादुटोना गर्नेले घैलाको प्वाल गन्न सफल भए नृत्याङ्गनाको मृत्यु हुने जनविश्वास छ । त्यसकै लागि नृत्य गर्दा गर्दै एकअर्कालाई झिझिया हस्तान्तरण गर्ने गरिन्छ। मिथिलाञ्चल ब्याप्त तात्कालिन जादुटोना युग र समाजबाट सर्वसाधारणलाई सचेत गराउन शुरूवात भएको झिझिया लोकनृत्यबारे समाजशास्त्रीय तथा बैज्ञानिक बहस गर्न प्रदेश र स्थानीय सरकार चुकेको देखिन्छ। जादुटोनाको युगमा नरबली हुने गरेको किम्बदन्ती छ। त्यस युगमा आफ्नो समूदायलाई मात्र नभई नवरात्री अर्थात् दुर्गापुजाको नौदिन रातभरि गाउँलेलाई भक्तिमय तुल्याउने र जाग्राम बस्न बाध्य पार्ने झिझिया लोकनृत्यको योगदान थियो।

बडा दसैं २०८३ को शुभकामना




बडा दसैं २०८३ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

यहाँ विहे, बर्तमन, पार्टी, तालिम, गोष्ठी, सेमिनार गर्नको लागि राम्रो वातानुकुल हलको व्यवस्था हुनुको साथै प्रयाप्त स्थान र खानापानको राम्रो व्यस्था छ।

विएनबी होटेल, पार्टी प्यालेस, महेन्द्रनगर धनुषा

प्रो. विनयकुमार साह, मोबाइल नं. ९८१२१५४८३२

# औरही नगरपालिका साक्षर पालिका घोषित




**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**असोज २९ गते, महोत्तरी**

महोत्तरीको औरही नगर पालिकालाई ९७.८५ प्रतिशत साक्षरता दर हासिल गरेपछि बिहीबार साक्षर नगरपालिका घोषणा गरिएको छ। यससँगै औरही महोत्तरी जिल्लामा साक्षर घोषित हुने नवौं स्थानीय तह बनेको छ।

नगरपालिकाको आयोजनामा भएको घोषणा सभामा मधेस प्रदेशसभा सदस्य सुरिता साहले नगरप्रमुख प्रदीपकुमार खड्कालाई साक्षर नगरपालिका घोषणाको प्रमाणपत्र हस्तान्तरण गर्नुभयो।

नगरपालिकाको 'साक्षरता स्थिति तथा साक्षर घोषणा सम्बन्धी प्रतिवेदन-२०८३' अनुसार १५ देखि ६० वर्ष उमेर समूहका १९ हजार ३९७ जनाको साक्षरता अवस्थाको मूल्याङ्कन गरिएको थियो। त्यसका लागि नगरपालिकाका नौवटै वडाका सात हजार ४२ घरधुरीबाट तथ्याङ्क सङ्कलन गरिएको थियो।

नगरपालिकाले २०८३ वैशाखदेखि सञ्चालन गरेको साक्षरता अभियानमा ७२ जना साक्षरता सहजकर्ता परिचालन गरेको थियो। अभियानमार्फत नागरिकलाई पढ्न, लेख्न, सामान्य हिसाबकिताब गर्न, मोबाइल तथा क्याल्कुलेटर प्रयोग गर्न, घडी हेरेर समय बताउन र दैनिक जीवनमा आवश्यक पर्ने व्यावहारिक सीप सिकाइएको थियो।

नेपाल सरकारको राष्ट्रिय मापदण्डअनुसार साक्षरताका १२ वटा सूचकमध्ये कम्तीमा छवटा सूचक पूरा गर्ने व्यक्तिलाई साक्षर मानिन्छ। सोही मापदण्डका आधारमा गरिएको मूल्याङ्कनमा नगरपालिकाको साक्षरता दर ९५.१६ प्रतिशत पुगेपछि साक्षर घोषणा गरिएको प्रतिवेदनमा उल्लेख छ।

वडागत विवरणअनुसार सबैभन्दा बढी साक्षरता दर वडा नम्बर ७ मा ९९.४८ प्रतिशत रहेको छ। त्यस्तै वडा नम्बर ९ मा ९९.४७ प्रतिशत, वडा नम्बर १ मा ९९.१२ प्रतिशत र वडा नम्बर ३ मा ९९.०७ प्रतिशत साक्षरता दर कायम भएको छ। वडा नम्बर ६ मा सबैभन्दा कम ९५.२५ प्रतिशत साक्षरता दर रहे पनि सबै वडाले राष्ट्रिय मापदण्ड पूरा गरेका छन्।

घोषणा सभामा नगरप्रमुख खड्काले साक्षरता अभियानबाट प्राप्त उपलब्धिलाई दिगो बनाउनुपर्नेमा जोड दिनुभयो। साक्षर बनेका नागरिकलाई सिकाइलाई निरन्तरता दिन आग्रह गर्दै उहाँले नगर पालिकाका नागरिकलाई निरन्तर शिक्षासँग जोड्न आवश्यक रहेको बताउनुभयो।

कार्यक्रममा मधेस प्रदेशसभा सदस्य सुरिता साह र रमिता प्रधान, नगर उपप्रमुख रेणु झा, शिक्षा विकास तथा समन्वय इकाइकी पदाधिकारी रिना कुमारी साह, नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत चन्द्रभूषण ठाकुर, नौवटै वडाका वडाध्यक्ष, कार्यपालिका सदस्य, विद्यालयका प्रधानाध्यापक तथा शिक्षक र नगरपालिकाका कर्मचारी लगायतको उपस्थिति थियो।

कार्यक्रममा सहभागीहरूले निरन्तर शिक्षालाई प्रवर्द्धन गर्दै नगर पालिकालाई पूर्ण साक्षरताको दिशामा अघि बढाउने प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका थिए। साक्षरता अभियानमा योगदान पुऱ्याउने विभिन्न सङ्घसंस्था, व्यक्ति, कर्मचारी तथा साक्षरता सहजकर्तालाई कार्यक्रममा सम्मान गरिएको थियो।

अभियानमा सेभ द चिल्ड्रेन, आसमान नेपाल, जनकपुरधाम तथा सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल, बर्दिबासले प्राविधिक सहयोग गरेका थिए।



# चाडपर्वमा सामाजिक सद्भाव विगार्ने माथि कडाकार्यवाही हुने



**खबर दर्पण समाचारदाता**
**असोज २९ गते, बर्दिवास**

धार्मिक सद्भाव समन्वय समिति धनुषाको आज बसेको वैठकले वडादशैं, दिपावली र छठ पर्वलाई शान्तिपूर्ण रुपमा सामाजिक सद्भाव बढाउने गरि मनाउने निर्णय गरेको छ।

समितिका अध्यक्ष एवं धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुईटेलको अध्यक्षतामा भएको वैठकले सामाजिक सद्भाव विगार्न खोज्ने माथि प्रचलित कानून बमोजिम कडा कार्यवाही गरिने निर्णय पनि गरेको हो।

यसका साथै चाडपर्व, मेला धार्मिक र्‍यालीहरुमा चर्को आवाजमा ध्यनी प्रदुषण गर्ने डिजे बाजाको प्रयोग नगर्नका लागि सवैमा समितिको वैठकले आह्वाहन गरेको छ। सद्भाव वैंठकले शान्ति सुरक्षा र अमनचयन कायम राख्न सम्पूर्ण धर्म, समुदाय, नागरिक समाज, बुद्धिजीवि, राजनीतिक दल, संघ संस्था, स्थानीय तहका जनप्रतिनिधि र सञ्चारकर्मी लगायत सवैमा अपिल गरेको छ।

जिल्लामा नागरिकहरुका बीचमा आपसी सद्भाव, भाईचारा, र धार्मिक सहिष्णुता कायम गर्ने र गराउने कार्यमा सवैले आ-आफ्नो क्षेत्रवाट आवश्यक समन्वय तथा सहकार्य गर्ने प्रतिवद्धता पनि प्रकट गर्नु भएको धनुषाका प्रमुख जिल्ला अधिकारी लुईटेलले जानकारी दिनु भयो।

यसका सथै शान्ति सुरक्षा तथा अमन चयन कायम गर्नका लागि चाडपर्व लक्षित एकीकृत सुरक्षा योजना २०८३ कार्यान्वयन गर्नका लागि बैठकमा सहभागिहरुले समर्थन पनि गरेको छ।

वैठकमा जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डल, विभिन्न पालिकाका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न धर्मका धर्म गुरुहरु, विभिन्न राजनीतिक दलका पदाधिकारीहरु, सामाजिक संघ संस्थाका प्रतिनिधिहरु, नागरिक समाजका अगुवाहरु, कार्यालयका प्रमुखहरुको सहभागिता रहेका थिए।

विभिन्न धार्मिक पर्वहरुमा केही पक्षले विगतका वर्षहरुमा सदियौं देखि स्थापित भएको सामाजिक सद्भाव विगार्ने किसिमको क्रियाकलाप गर्ने गरेको पाईएकाले यस वर्ष समयमा नै धार्मिक सद्भाव समन्वय समितिको वैठक भएको जिल्ला प्रशासन कार्यालय धनुषाका प्रशासकीय अधिकृत गणेशचन्द्र मिश्रले जानकारी दिनु भयो।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,